## २०७५ कार्तिक १२ गते राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा बसेको सम्बन्धित विषयगत क्षेत्रका नेतृत्व दायी, सह-नेतृत्व दायी तथा अन्य निकायका विपद् सम्पर्क व्यक्तिहरुको बैठकमा भएका निर्णयहरु

### शीतलहर सम्बन्धमा

मौसम परिवर्तनसँगै शुरु हुने हिउँदको समयमा तराई मधेशका जिल्लाहरुमा चिसो तथा शीतलहर (Cold Wave) बाट, पहाडी जिल्लाहरुमा चिसोबाट साथै हिमाली जिल्लाहरुमा हिमपातका कारण जनजीवन कष्टकर हुने, व्यक्तिहरु बिरामी हुने र तिनीहरु मध्ये केहीको मृत्यु समेत हुने गरेको छ । गरिवी, निम्न जीवनस्तर, अपर्याप्त पूर्व तयारी, जनचेतनाको कमी आदी कारणबाट हिमपात, चिसो तथा शीतलहरको समस्या थप जटिल बन्न जान्छ । २०७४ श्रावण महिनामा तराईका केही जिल्लाहरुमा आएको भिषण बाढीले धेरैलाई घरबार बिहीन बनायो फलतः आ.व. २०७४/०७५ मा चिसो तथा शीतलहरका कारण ती जिल्लाहरुमा ४८ जनाको मृत्यु समेत भयो । यसबाट व्यक्तिहरु मात्र नभई पशुपंक्षी, कृषि, पूर्वाधारमा समेत प्रत्यक्ष तथा परोक्ष प्रभाव पर्दछ । अत: यसबारे सचेतना अभिवृद्धि गर्दै सम्भावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक श्रोत साधनको पूर्व प्रवन्ध गरी हिमपात, चिसो तथा शीतलहर प्रभावित परिवार माझ पुऱ्याउन र उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि सम्बन्धित विषयगत मन्त्रालय तथा मातहतका विभागहरु, सम्बन्धित प्रदेश मन्त्रालयहरु, प्रदेश विपद् व्यवस्थापन समितिहरु, जिल्ला विपद् व्यवस्थापन समितिहरु, जिल्ला प्रशासन कार्यालयहरु, स्थानीय विपद् व्यवस्थापन समिति, लगायत मानवीय सहायतामा काम गर्ने निकायहरुले विभिन्न किसिमका व्यवस्थाहरु मिलाउनु पर्ने देखिन्छ ।

### निर्णयहरु

१. जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरुले शीतलहरको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको सम्बन्धमा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने सबै सरकारी तथा गैरसरकारी संघ-संस्थाहरु समेतलाई आमन्त्रण गरी पूर्वतयारी र पूर्व प्रवन्ध सम्बन्धी बैठक तुरुन्तै राख्ने । विपद् व्यवस्थापनको क्षेत्रमा सम्वन्धित जिल्लामा रहेका विभिन्न निकाय तथा संघ-संस्थाहरुलाई हिमपात, चिसो तथा शीतलहर सम्बन्धी पूर्व तयारीमा सक्रिय गराउने ।

२. सम्बन्धित गाउँपालिका/नगरपालिका अन्तर्गत हिमपात, चिसो तथा शीतलहरबाट प्रभावित हुन सक्ने क्षेत्र/गाउँ/टोल/परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि सम्बन्धित गाउँपालिका/नगरपालिकाको समन्वयमा सबै सरोकारवाला निकाय तथा संस्थाहरुलाई विशेष गरेर इन्धन, दाउरा, कम्वल जस्ता सामग्रीहरुको भण्डारण गर्न लगाई हुन सक्ने सम्भावित जोखिमबाट बच्ने उपायको अवलम्ब गर्न, स्थानीय तहमा अत्यावश्यक सामग्रीको सञ्चय गरी Replenish का आधारमा सामग्रीहरु अध्यावधिक समेत गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्पूर्ण गाउँपालिका तथा नगरपालिकालाई पत्राचार गर्ने ।

३. सम्भावित जोखिमलाई मध्य नजर गर्दै विभिन्न जिल्लाहरुमा हुन सक्ने स्वास्थ्य सम्बन्धी समस्यालाई न्यूनीकरण गर्न स्वास्थ्य मन्त्रालय मातहतका निकायहरुले जनचेतनामूलक कार्यक्रम तत्काल सञ्चालन गर्ने । स्वास्थ्यकर्मी तथा औषधिहरु पर्याप्त मात्रामा राखि द्रुत प्रतिकार्य समूह परिचालित हुन सक्ने अवस्थामा राख्न स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने ।

४. भूकम्प प्रभावित जिल्लाहरुमा हिमपात, चिसो तथा शीतलहरबाट हुन सक्ने असरलाई न्यूनीकरण गर्न राष्ट्रिय पुनर्निमाण प्राधिकरणलाई आवश्यक कार्य गर्नका लागि अनुरोध गर्ने।

५. विभिन्न जिल्लाहरुमा हुन सक्ने सम्भावित हिमपात, चिसो तथा शीतलहरबाट सुरक्षित रहन, न्यानो हुनका लागि बालिने आगोबाट हुनसक्ने सम्भावित आगलागी तथा निसासिने समस्याबाट बच्न सचेतनामूलक तथा सन्देशमूलक सूचना एवं जानकारी राष्ट्रिय संचार माध्यम मार्फत प्रशारण गर्ने व्यवस्था मिलाउन सूचना तथा संचार मन्त्रालयलाई अनुरोध गर्ने । जिल्ला तथा स्थानीय तहमा विभिन्न स्थानीय भाषामा समेत उक्त सचेतनामूलक तथा सन्देशमूलक सामग्रीहरु तयार गरी आम सञ्चार माध्यम मार्फत प्रचारप्रसार गर्नुका साथै अन्य वैकल्पिक व्यवस्था गर्न सम्बन्धित जिल्लाहरुमा लेखि पठाउने ।

६. हिमपात, चिसो तथा शीतलहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायहरुका सम्बन्धमा सन्देशमूलक सूचना प्रचारप्रसार गराउने व्यवस्था मिलाउन र शीतलहरहरुको कारणबाट अन्नबाली/पशुपंक्षीको क्षति भएमा कृषकहरुलाई मल, बीउ, पशुपंक्षी उपचार तथा प्राविधिक सहयोग जस्ता राहत तत्काल उपलब्ध गराउने व्यवस्था मिलाउन कृषि तथा पशुपंक्षी विकास मन्त्रालयललाई अनुरोध गर्ने ।

७. सम्भावित हिमपात, चिसो तथा शीतलहरका विषयमा क्षेत्रगत एवं जिल्लागत विशिष्टीकृत तापक्रम र हावाको वहावको पूर्वानुमानमा आधारित पूर्वसूचना सम्बन्धी शीतलहर (Cold wave) बुलेटिन दैनिक जारी गर्न जल तथा मौसम विज्ञान विभागलाई अनुरोध गर्ने र सो बुलेटिनलाई आम सञ्चार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने व्यवस्था मिलाउने साथै राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) मा समेत पठाउने । जल तथा मौसम विज्ञान विभागबाट राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) मा सूचना प्रवाह गर्ने माध्यमलाई थप प्रभावकारी बनाई स्थानीय तहसम्म पूर्व सूचना प्रवाहलाई व्यवस्थित गर्ने ।

८. नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी निकाय, मानवीय सहायतामा काम गर्ने निकाय/संघसस्थाहरु तथा सामुदायिक संस्थाहरुले हिमपात, चिसो तथा शीतलहर प्रभावित जिल्लाहरुमा संचालन गर्ने कार्यक्रमको बारेमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई पूर्व जानकारी गराउने ।

९. कुहिरो तथा हुस्सु लागेको समयमा संभावित सवारी दुर्घटनालाई न्यूनीकरण गर्न सवारी साधनहरुमा Fog Light अनिवार्य बाल्ने व्यवस्था गर्न ट्राफिक प्रहरीलाई अनुरोध गर्ने साथै हिमपात, कुहिरो तथा हुस्सुबाट सडक दुर्घटना हुन सक्ने जोखिमयुक्त/सम्भावित सडकहरुमा विभिन्न सांकेतिक चिन्हहरु तथा सूचना मुलक सन्देशहरु राख्नका निम्ती सडक विभागलाई अनुरोध गर्ने ।

१०. सम्पूर्ण विद्यालयहरुमा हिमपात, चिसो तथा शीतलहरबाट बच्न विद्यार्थीहरुलाई चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत अनुरोध गर्ने ।

११. सबै Cluster, Lead र Co-Lead ले सम्बन्धित Clusters Member सँग छलफल गरी हिमपात, चिसो तथा शीतलहरका लागि प्रभावकारी Contingency Plan तयार गरी लागू गर्ने, गराउने।